प्रतिदिन १६ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगइन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : ४९ ॥ २०८० चैत्र ११ गते आईतबार (24th Mar 2024 Sunday) | Pratidin National Daily | मूल्य-रु.५/-

# साँस्कृतिक पर्व होली र यसको महत्व

• लक्ष्मी उप्रेती



मेचीनगर । होली वा फागु पर्व नेपालीले मनाउने विभिन्न पर्वमध्येको एक हो । यस वर्षको होली पर्व शुरु भइसकेको छ । तराई ,मधेश र पहाडमा एकदिन अघि पछि यो पर्व मनाइन्छ । यस वर्ष चैत ११ पहाडमा होली परेको छ भने १२ गते तराई, मधेशमा होली बिदा परेको छ । यतिमात्र होइन, तराई ,मधेश र पहाडका विभिन्न समुदाय अनि विभिन्न स्थानमा यो पर्व मनाउने तरिकामा पनि भिन्नता छ । जहाँ ,जसले , जहिले र जसरी होली पर्व मनाएपनि यो पर्व समस्त नेपालीको साझा राष्ट्रिय पर्व हो । रंग लगाई रमाइलो गर्ने चलन भने सबैतिर छ । विभिन्न रंग र लोला खेलेर उल्लासपूर्वक रुपमा यो पर्व मनाउने गरिएको छ ।

होलीको पौराणिक कथा अनुसार भगवानका अनन्य भक्त हिरण्यकश्यपुले पुत्र प्रल्हादलाई मार्न होलिकालाई प्रयोग गरे । हिरण्यकश्यपुकी बहिनी होलिकाले प्रल्हादलाई उम्लिदै गरेको तेलमा हाल्न खोजेपनि भगवान भक्त प्रल्हाद बाँच्न सफल भए । होलिकाको दहन भएको दिनलाई होली वर्ष र उत्सवका रुपमा मनाउन थालिएको हो भन्ने किम्वदन्ती पनि छ । आसुरी शक्तिमाथि दैवी शक्तिको विजय भएको दिन शक्तिको दुरुपयोग गर्ने एवम् पापी प्रवृत्तिकी प्रतिक होलिका मारिएको उपलक्ष्यमा खुशीयाली मनाईने दिनको स्मरण गर्दै मिथिलामा होली पर्वकै रुपमा मनाउने गरिन्छ । ऋतुहरुका राजा मानिने बसन्तको स्वागतमा फागुन शुक्ल अष्टमीदेखि पूर्णिमासम्म मैत्री एवम् सदभावपूर्वक रंग र अबिर छ्यापेर होली खेल्ने परम्परा हो ।

यो पर्व मनोरञ्जनात्मक भएपनि मूलतः यो धार्मिक र साँस्कृतिक चाड हो । राजधानीमा होली काठमाडौंको बसन्तपुर दरबारको दक्षिण भागमा शुभ साइतमा ध्वजा पताकासहितको चीर ठड्याएपछि आरम्भ भई फागु पूर्णिमाको दिन उक्त चीर विधिपूर्वक ढालेसँगै समाप्त हुने बताउँछन् होलीलाई नजिकबाट हेरिरहेका मैथिली समाजका अगुवा लक्ष्यन्द्रप्रसाद यादव । उनका अनुसार होलीमा डम्फा, हारमोनियम झ्याली मृदंगसहितको बाद्यबाधन बजाउँदै होरी गीत गाउने चलन भएपनि भोजपुरी गीत संगीतमा होलीको दिन झुम्नेहरु थपिदैंछन् । विशेष गरी तराई मधेशतिर जोगिरा सररर मुख्यः गीत गाएर ढोलक, ताल, मृदंग, नगरा बजाएर नाचगान गरी गाउँ टोल छिमेक र आफन्तबीच अविर र रंग खेली मनाइने होली पर्व हाल आधुनिक गीत संगीतमा सीमित हुन थालेको बताउँछन् यादव ।

परापूर्वकालदेखि नै होलीको लोकगीत गाएर खुशी साटेर आपसी प्रेम र सदभाव साथ मनाइने होली अब होटल र पार्टी प्यालेसमा मनाउने चलन बढ्दै गई आधुनिकता परिवर्तन हुँदै गएकोप्रति मैथिली समाजले चिन्ता व्यक्त गरेको छ ।
यादव भन्छन् ,'मिथिला क्षेत्रमा दशकअगाडीसम्म रात्री भोजनपछि दलान आँगनमा गाउँले भेला भएर होलीको परम्परागत गीत गाएर मौलिक संस्कृतिमा रंग भर्ने चलन थियो । वर्षभरिका दुःख पीडा बिर्साएर उल्लासका साथ मनाउने यो पर्वका नाममा विकृति विसंगति भित्रिन थालेको छ । अचेल विशेषतः युवती, महिला र भलाद्मीहरु होलीको दिन नजिकिदैं गर्दा त्रसित हुन्छन् । रंग नभई अण्डा, हिलो, फोहोर र विभिन्न केमिकलहरु जसले जीवनमा नकारात्मक असर पुर्‍याउँछन् । घरमाथि छतमा लुकेर लोला हान्ने, त्यस्ता प्रदूषित पदार्थ अनिच्छापूर्वक जबर्जस्ती छ्याप्ने गरिन्छ । यसले होली पर्वका नाममा विकृति भित्र्याईरहेको छ । यस्तै व्यवहारका कारण अप्रिय घटना पनि हुने गरेका छन् । '

होली मनाउँदा विचार पुर्‍याउनु पर्नेमा जोड दिन्छन् झापा धुलावारीका महेशचन्द्र झा । 'शुरुमा आफूभन्दा ठूलालाई रंग लगाउँदा खुट्टामा ढोगेर मिठो मिठो खानेकुरा खान दिएर फुको अविरको टीका लगाउनु पर्छ' झाले भने,' अहिले त अपरिचित व्यक्तिमाथि जबरजस्ती गर्ने प्रवृत्ति बढेको छ , को सानो को ठूलो कुनै मतलव छैन , मुख्यतः होलीसंग सम्बन्धित गीत राधा–कृष्ण, शिव –गौरी, सीता –राम , पति –पत्नी, भिनाजु –साली,देवर– भाउजु प्रेमी–प्रेमीकामै सम्बन्धित हुन्थे अहिले सबै हराए ।' तर, होली खेल्नेहरुले नै आफूलाई अनुशासित र सभ्य राख्न सकेमा यस पर्वको गरिमा जोगिने उनको भनाई छ । पर्वको मौलिकतालाई बिर्सेर विकृत बनाउँदा चाडको गरिमा रहँदैन । मित्रता , आत्मीयता र सामिप्यता दर्शाउन यस पर्वलाई नेपाली संस्कृतिको महत्वपूर्ण निधिको रुपमा राखिरहन यसलाई मर्यादित बनाउनुपर्नेमा उनको जोड छ ।

बिर्तामोडका शैलेन्द्रकुमार झा होली मनाउने मिथिलाको मौलिक शैली पछिल्लो समय लोप हुँदै गएकोमा चिन्ता गर्छन् । रंग उत्सव प्रेम सदभाव कायम राख्ने होली पर्वको मौलिकतामाथि भड्काव संस्कृति हावी हुँदै गएपछि मौलिक होली गुमनाम भईरहेको झाको चिन्ता छ । झा भन्छन् ,उसबेला होलीमा यसो भन्दै गीत गाईन्थ्यो
'एक दिश खेले कुमर कन्हैया, एकदिश खेले होली हो
एक दिश खेली मोहन, मुरारे दोसर दिश राधा प्यारी हो ।'

अहिले मिथिला क्षेत्रमा होलीको यो मौलिक गायन कमै सुन्न पाईन्छ । मौलिक होली मदिरा, नशा लिएर अनि उदण्ड तवरले मनाउने प्रवृत्ति हावी भएको मैथिली समाजका जानकार धुलावारीका कृष्णकौशल चन्द्र गुप्ता बताउँछन् ।
बिहानैदेखि मदिरा र नशा खाएर मातेर झगडा गर्ने अवसरका रुपमा पछिल्लो समय होलीको पवित्र अवसरलाई दुरुपयोग गर्न थालिएको गुप्ताको भनाई छ । सरस्वती पूजाका दिनदेखि नै होरीलाई गीत गाउँदै फगुवा फागु पर्वलाई स्वागत गर्न मिथिलाको मौलिकता हो । गीत संगीत कला सांस्कृतिक भेषभुषा अन्य परम्पराको उर्वरभूमि मिथिलामा पछिल्लो समय आधुनिकताले मौलिकता छोपिरहेको गुप्ताको भनाई छ । श्रीपञ्चमीदेखि नै यहाँका गाउँघरमा होरी गाउनेहरुको चहलपहल शुरु हुन्थ्यो । तर, अहिले होरीको मौलिक गीत हराउँदै छ वाल्यकालमा आफूले गाएको होलीको गीतको अनुभूति सुनाउँदै गप्ताले भने,
'होरी खेले रघुविरा अबधमे होरी खेले रघुविरा

❖ बाँकी तेस्रो पृष्ठमा

# होलीसम्बन्धी जनचेतनामुलक कार्यक्रम

झापा(प्रस) ।नेपाल ब्यापार कर्मचारी संघ (युनिकम) नेपालले होली बिशेष सुरक्षासम्बन्धी जनचेतनामुलक कार्यक्रम गरेको छ ।
युनिकम बिर्तामोड नगरको सह आयोजना तथा युनिकम झापा जिल्लाको आयोजनामा शनिबार बिहान बिर्तामोडस्थित दुर्गा मन्दिर परिसरमा जनचेतनामुलक कार्यक्रम गरिएको हो ।
जिल्ला ट्राफिक प्रहरी कार्यालय झापा र इलाका प्रहरी कार्यालय बिर्तामोडको सहकार्यमा भएको कार्यक्रममा प्रमुख अतिथि युनिकम नेपालका अध्यक्ष गजेन्द्रबहादुर पौडेलले होली पर्वलाई सभ्य र भब्य रुपमा मनाउन सबैलाई आग्रह गरे ।
आत्मीयरूपमा नजिक भएका व्यक्ति वा आफन्तसँग मात्र होली खेल्न, होली पर्वको नाममा उच्छृंखल क्रियाकलाप नगर्न पौडेलले आग्रह गरे ।




कार्यक्रममा बोल्दै जिल्ला ट्राफिक प्रहरी प्रमुख नवराज न्यौपाने र इलाका प्रहरी कार्यालय बिर्तामोडका डिएसपी सुरज कार्कीले भब्य एवं सुरक्षित तवरले होली पर्व मनाउन सर्वसाधारणलाई अनुरोध गरेका छन् । उनीहरुले होली पर्वलाई सभ्य, शिष्ट, स्वस्थकर र मर्यादित तवरले मनाउन सबैलाई अनुरोध गरे ।
प्रहरीले कसैको इच्छाविपरीत रंग, लोला मोबिल, मोसो, केमिकल र फोहर पानी प्रयोग गरेमा कानूनबमोजिम कारबाही गरिने जनाएका छन् ।
बिर्तामोड ४ का वडाध्यक्ष राहुल शर्मालगायतले मन्तब्य राखेको कार्यक्रममा स्वागत युनिकम जिल्ला सचिव बिमल कट्टेलले गरेका थिए । युनिकम जिल्ला अध्यक्ष अपर्णा सापकोटाको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सञ्चारकर्मी केशव भट्टराईले गरेका थिए ।
कार्यक्रममा बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपाने, निवर्तमान अध्यक्ष कुमार भट्टराई , सरसफाई अभियन्ता बिष्णु आचार्यलगायतको आतिथ्यता रहेको थियो । कार्यक्रममा शान्ति सुरक्षा र ट्राफिक व्यवस्थापनमा सहयोग पुऱ्याएको भन्दै इलाका प्रहरी कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालयलाई प्रशंसापत्र प्रदान गरिएको थियो । साथै कार्यक्रममा सामूहिक होलीसमेत मनाइएको थियो ।

# दमकमा पैनीमा डुबेर धिमालको मृत्यु



झापा(प्रस)। झापाको दमक नगरपालिका- २ स्थित पैनीमा डुबेर एक जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा स्थानीय ६५ बर्षीय कमल धिमाल रहेका छन् । शुक्रवार बिहान १०.४० बजे सोही स्थानमा रहेको पैनीमा भैंसीलाई पानी खुवाउने क्रममा अचानक लडेपछि डुबेका धिमाल सिकिस्त भएका थिए ।उनलाई उपचारको लागि आम्दा अस्पताल दमक लगिएकोमा उपचारको क्रममा मृत्यु भएको हो । घटना सम्बन्धमा इलाका प्रहरी कार्यालय दमकबाट थप अनुसन्धान भइरहेको जनाइएको छ ।

# साहित्यकार केशव आचार्यलाई गोमेन्द्र सम्मान



झापा(प्रस)। साहित्यकार तथा पत्रकार केशव आचार्यलाई यस वर्षको गोमेन्द्र सम्मान प्रदान गरिएको छ ।
बिर्तामोड ४ स्थित गोमेन्द्र बहुमुखी महाविद्यालयको २८ औं वार्षिकोत्सवका अवसरमा नगद २१ हजार १२१ रुपैयाँसहित आचार्यलाई सो सम्मान प्रदान गरिएको हो । गोमेन्द्र बहुमुखी महाविद्यालयले २०७२ सालदेखि सो सम्मान दिँदै आएको छ । कार्यक्रमका प्रमुख अतिथि पूर्वाञ्चल विश्वविद्यालयका रजिष्ट्रार निलमणि पोखरेल , कार्यक्रमका अध्यक्ष गोमेन्द्र बहुमुखी महाविद्यालय संस्थापक अध्यक्ष गणेशप्रसाद खनाल , क्याम्पसका प्राचार्य डा.रुपक खनाल, सहप्राचार्य सरु भुर्तेल खनाललगायतले नगद , दोसल्ला , सम्मानपत्रसहित सो सम्मान प्रदान गरेका थिए । साहित्यकार आचार्य विभिन्न ४० वटा पुरस्कार , सम्मान र प्रशंसाबाट पुरस्कृत र सम्मानित भइसकेका छन् ।कार्यक्रममा उत्कृष्ट विद्यार्थीहरुलाई पुरस्कृत गरिएको थियो । जयनारायण खनाल स्मृति पुरस्कारबाट अपेक्षा श्रेष्ठ , राधा सुवेदी पुरस्कारबाट आशिक पण्डित ,गोविन्द इन्द्र पुरस्कारबाट भावना गणेश , हरिप्रिया खनाल स्मृति पुरस्कारबाट अन्जना अग्रवाल पुरस्कृत भएका हुन् । कार्यक्रममा विद्यार्थीहरुले सांस्कृतिक प्रस्तुती प्रस्तुत गरेका थिए । कार्यक्रमको औचित्यमाथि क्याम्पसका प्राचार्य डा. रुपक खनालले प्रकाश पारेको कार्यक्रममा स्वागत मन्तव्य सहप्राचार्य सरु भुर्तेल खनाल र संचालन शेखर पाण्डेले गरेका थिए ।

# किचकबधमा पुनः उत्खनन् सुरु

भद्रपुर(प्रस) । झापाको भद्रपुर ३ को पृथ्वीनगरस्थित देउनिया किनारमा रहेको ऐतिहासिक तथा धार्मिकस्थल किचकबधको ऐतिहासिकता प्रमाणित गर्न पुरातत्व विभागको टोलीले पुनः उत्खनन् सुरु गरेको छ ।
यसअघि २०५८ सालदेखि पहिलो पटक उत्खनन् गरेको पुरातत्व विभागको टोलीले ६ पटकसम्म उत्खनन् गरिसकेको छ । यसपटकको उत्खनन् सातौं भएको उत्खननको नेतृत्व गरिरहेका पुरातत्वविद उद्धब आचार्यले बताए ।
यसअघिका उत्खननूबाट फेला परेका पुरातात्विक सामग्रीहरुको बैज्ञानिक परीक्षणमा यो स्थलको ऐतिहासिकता करिब २२ सय बर्ष पुरानो भएको पाइएको छ । पुरातत्वविद आचार्यले किचकबधको ऐतिहासिकता इसापूर्व १ सय २० देखि २ सय बर्षसम्मको रहेको परीक्षणबाट पुष्टि भएको बताए । अर्थात भारतमा शुँग कुषाण काल चलेको समयमा यसस्थलमा

❖ बाँकी अन्तिम पृष्ठमा

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर), पेट, ग्याष्ट्रिक, अल्सर जन्डिस, हेपटाईटिस रोग
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, काठमाडौंबाट

**डा. प्रेम ब. शाही, MS, FISS**
प्रमुख विशेषज्ञ - हाडजोर्नी, नशा तथा मेरुदण्ड सर्जन
समय: दैनिक सेवा

**प्रा. डा. अरूण सेढाई, MD, DM**
प्रमुख विशेषज्ञ - मृगौला (किड्नी), पिसाब रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

**डा. दिपायन पाण्डे, MD**
विशेषज्ञ - छाला, यौन, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
विशेषज्ञ - मधुमेह, थाइराईड, हर्मोन रोग । समय: दैनिक सेवा

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
प्रमुख विशेषज्ञ - मेरुदण्ड (स्पाइन), गर्धन, कम्मर, नशा, ढाड रोग/सर्जन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

**डा. आलोक झा, MD**
विशेषज्ञ - मानसिक, नशा, रोग (बाल तथा किशोर मनोचिकित्सक)
समय: प्रत्येक महिनाको पहिलो शनिबार

**डा.धिरज ताम्राकार, MD**
विशेषज्ञ - आन्तरिक मेडिसिन तथा फिजिसियन । समय: दैनिक सेवा

**डा. धर्मागत भट्टराई, MD, DM**
प्रमुख विशेषज्ञ - बाल बाथरोग, एलर्जी तथा रोग प्रतिरक्षा (इम्युनिटी) रोग
समय: प्रत्येक महिना इम्युनोकेयर सेन्टरबाट

**डा. केशव कु. मण्डल, MD**
विशेषज्ञ - नवजात शिशु तथा बाल रोग
समय: दैनिक सेवा

**डा. धिरज गिरी, MS**
विशेषज्ञ - नाक, कान, घाँटी, टाउको रोग
समय: दैनिक सेवा

**डा. विवेक कट्टेल, MD, FRCI**
प्रमुख विशेषज्ञ - बाथरोग तथा (युरिक एसिड), जोर्नी रोग
समय: प्रत्येक महिना न्यूरो हस्पिटलबाट

स्वास्थ्य सेवामा सँगसँगै
जिवनरक्षा पोलिक्लिनिक एण्ड डाइगोनोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (यामाहा शोरुम अगाडि)
जानकारीका लागि सम्पर्क
023-531242/023-591566
प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/फिजियोथेरापी/ विशेषज्ञ ओ.पि.डि.
हेल्थ प्याकेज/डेन्टल/डिजिटल एक्स-रे
9817094601

# शिवसताक्षीमा कोशी प्रदेश स्तरीय भेट्रान कप हुँदै




• **विनोद सापकोटा,**
शिवसताक्षी। झापाको शिवसताक्षीमा कोशी प्रदेशस्तरीय स्व. नविन राई स्मृति भेट्रान कप फुटबल प्रतियोगिता हुने भएको छ।

दोस्रो संस्करणको यो प्रतियोगिता चैत १५ देखि २२ गतेसम्म हुने आयोजक समितिले जनाएको छ ।झिलझिले भेट्रान फुटबल क्लबले शनिबार पत्रकार सम्मेलन गरी प्रतियोगिताबारे जानकारी दिएको हो । शिवसताक्षी नगरपालिका वडा नम्बर ११ को झिलझिलेस्थित गणेशमान सिंह अध्ययन प्रतिष्ठानको खेलमैदानमा आयोजना हुने सो प्रतियोगितामा कोशी प्रदेशका १० वटा टिमले सहभागिता जनाउने आयोजक समितिले जनाएको छ ।आयोजक समितिका संयोजक जसु राईका अनुसार कोशी प्रदेशका झापा, मोरङ र सुनसरीका १० वटा उत्कृष्ट भेट्रान टिमले प्रतियोगितामा सहभागिता जनाउनेछन् ।

आयोजक समितिका अनुसार आयोजकले दुईवटा टिम प्रतियोगितामा सहभागिताका लागि तयार गरेको छ। सुनसरीको रामधुनी, झापाको बिर्तामोड, चन्द्रगढीको सिविसी, झापाको धुलाबारी, हाम्रो भेट्रान धरान, दमक लखनपुर भेट्रान क्लब, आयोजक निलो, पूर्वेली भेट्रान बिर्तामोड र एभरेष्ट भेट्रान मोरङले सहभागिता जनाउने छन् ।

विजेताले नगद ७१ हजार र उपविजेताले नगद ४१ हजारसहित मेडल, ट्रफी र प्रमाणपत्र पाउने आर्थिक समितिका संयोजक सन्तोष थेगिमले जानकारी दिए । उनका अनुसार आयोजकले प्रतियोगिता सम्पन्न गर्न ५ लाख ७० हजार खर्च हुने अनुमान गरेको छ । आयोजक समितिका मुकुम मेन्याङवोले प्रतियोगिता सफल बनाउन उद्योगी व्यवसायी, पेशाकर्मी ,खेलप्रेमीलगायतलाई हरतरहको सहयोग गर्न आव्हान गरेका छन् ।

# तालिमपछि आत्मनिर्भर बन्दै मेचीनगरका महिला

मेचीनगर(प्रस) । बेलाबखत लिएको तालिमबाट प्राप्त सीपलाई व्यवहारमा उतारेपछि मेचीनगर–८ की लक्ष्मी धिमालमा आत्मनिर्भरता मात्र बढाएको छैन,उत्तिकै आत्मसम्मान पनि छ । मेचीनगर नगरपालिका महिला तथा बालबालिका शाखाका अनुसार स्थानीय सरकारी र गैरसरकारी क्षेत्रबाट सिलाई कटाई, प्लाष्टिकको झोला बनाउने, मकैको खोसेलाबाट विभिन्न फूल बनाउने, दुबोको माला बनाउने, परालको जुत्ता चप्पल बनाउनेजस्ता तालिम वर्षेनि नगरका एकसयभन्दा बढी महिलाले लिने गरेका छन् ।

कपडा तथा रेग्जिनका झोला बनाउने आधारभूत तालिम एक महिने र 'एडभान्स' तालिम १५ दिन लिएपछि अहिले धिमालले गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमअन्तर्गत मेचीनगर नगरपालिकाको प्राविधिक सहयोगमा 'लिजा एण्ड एमी व्याग झोला लघु उद्यम ' नै सञ्चालन गरेकी छन् । जहाँ कपडा तथा रेग्जिनका झोला तयार गरिन्छ। यो उद्योग सञ्चालनमा ल्याएदेखि उनीमा आत्मनिर्भर मात्र होईन, आत्मसम्मान पनि बढेको छ। धिमाल त एक उदाहरणीय पात्र मात्रै हुन् । नगरपालिकाले सञ्चालन गरेको विभिन्न सीपमुलक तालिम प्राप्त गर्ने अधिकांशले रोजगारी पाएका छन् भने केहीले आफै उद्यम संचालन गरेका छन् ।



आफै उद्यम संचालन गर्ने सोचका साथ धिमालले घरदेखि थोरै टाढा लिजा एण्ड एमी कपडा तथा रेग्जिनका झोला बनाउने सिलाई कटाई पसलको स्थापना गरेकी छन्

। वार्षिक दश हजार रुपैयाँ घरभाडा तिर्ने गर्छिन्। ४५ हजार रुपैयाँबाट शुरु गरेको व्यवसाय अहिले करिव ८० हजार रुपैयाँमा पुगेको छ। सीपमुलक तालिमपछि आफ्नै खुट्टामा उभिन सफल भएको उनी बताउँछिन् । एउटा आत्मनिर्भर व्यवसायका लागि सीप सिक्न सिलाई कटाई तालिममा गरेको मेहनतले लक्ष्मीलाई उत्कृष्ट प्रशिक्षक र सक्षम व्यवसायी बनाएको छ । उनी अहिले करिव ५ जना प्रशिक्षार्थीलाई कपडा तथा रेग्जिनका झोला बनाउने सीप सिकाउँछिन् । जसले उनलाई आर्थिकरुपमा सहयोग पुगेको छ। उनको पसलमा कपडा तथा रेग्जिनका झोला तयार गरिनुका साथै सिलाई कटाई सम्बन्धी सबै काम गरिन्छ।

जसलाई साँच्चिकै आवश्यकता हुन्छ तिनीहरूले तालिमपछि व्यवसाय गरेको मेचीनगर नगरपालिका उपप्रमुख मीना पोखरेल उप्रेतीको भनाई छ । महिलालाई आत्मनिर्भर तथा महिला सशक्तिकरण गर्न चेतनाको विकास गराउँदै व्यापक रुपमा तालिमको आवश्यकता महसुस गरी स्थानीय सरकारले व्यवसायिक रुपमा लाग्ने गरी बेलाबखत तालिम सञ्चालन गर्ने गरेको उपप्रमुख उप्रेतीले बताइन् । सहज जीवनयापनका लागि सीप महत्वपूर्ण रहेको भन्दै सीप सिकेर व्यवसायिक बन्न महिलाहरुलाई उपप्रमुख उप्रेतीले आग्रह गरेकी छन् ।

महिलाहरुलाई आर्थिक रूपमा आत्मनिर्भर बनाउन सीप तथा तालिम प्रदान गर्नुका साथै यस्ता सीप तथा तालिमले उनीहरुलाई स्वरोजगार बन्ने बाटो समेत खुल्ने नगरप्रमुख गोपालचन्द्र बुढाथोकीको भनाई छ । उनले कृषि, पर्यटन, धार्मिक तथा साँस्कृतिक क्षेत्रको विकास गरी रोजगारीको सिर्जना गर्ने दिशातर्फ स्थानीय नगर सरकार अघि बढेको जानकारी दिए। सिलाई कटाईलगायत अन्य तालिमले घरको चुलो चौकोमा सीमित रहेका महिलाहरुलाई व्यवसाय नै सञ्चालन गरी आर्थिक रुपमा सबल र सक्षम बनाउन महत्वपूर्ण टेवा पुग्ने उनले विश्वास व्यक्त गरे ।

'हामीले तालिम दिएका धैरैले रोजगारी पाएका छन्, केहीले त आफ्नै व्यवसाय शुरु गरेको पाइएको छ' कपडाको झोला बनाउने तालिमकी प्रशिक्षक एवम् उद्यम विकास सहजकर्ता गंगा सोरेनले भनिन् 'हामीले तालिम दिएका प्रशिक्षार्थीहरुले दुईचार पैसाका लागि अर्काको मुख ताक्नु नपरेको र आत्मनिर्भरसहित आत्मसम्मान बढाउन सहयोग पुगेको छ, यो उहाँहरुले गरेको कामबाट पुष्टी भएको छ।'

नगरपालिकाले एकल महिला, दलित, पिछडिएको वर्ग र एकल महिलालाई प्राथमिकतामा राखेर सीपमुलक तालिम दिने गरेको छ । विभिन्न प्रकारका सीपमुलक तालिम दिएर नगरभित्रका युवतीहरुलाई आत्मनिर्भरको बाटोमा हिडाएको नगरपालिकाको दाबी छ । सिलाई कटाई तालिमबाट विशेष गरी महिलाहरु बढी लाभान्वित भएका छन् ।

# झापामा २५ बालबालिकामा क्षयरोगको संक्रमण

झापा(प्रस) । झापामा १४ वर्षमुनिका २५ बालबालिकामा क्षयरोगको संक्रमण देखिएको छ । चालु आर्थिक वर्षको पुस मसान्तसम्ममा फेला परेका नयाँ क्षयरोगीमध्ये २५ जना बालबालिका रहेका छन् । साउनदेखि पुसमसान्तसम्म पाँच सय ७० जना नयाँ क्षयरोगी फेला परेका भन्दै तीमध्ये २५ जना बालबालिका रहेका स्वास्थ्य कार्यालय झापाका क्षयरोग फोकल पर्सन वीरेन्द्र दासले जानकारी दिए। उनका अनुसार नयाँ क्षयरोगीमा एक सय ८२ महिला र तीन सय ८८ पुरुष रहेका छन् ।

चार सय ३१ जनामा फोक्सोसम्बन्धी क्षयरोग देखापरेको छ भने एक सय ३९ मा अन्य क्षयरोग देखिएको फोकल पर्सन दासले बताए । उनका अनुसार एचआइभी संक्रमित नौजनामा क्षयरोग देखिएको छ । औषधि प्रतिरोधी क्षयरोगका बिरामी सातजना रहेका स्वास्थ्य कार्यालय झापाले जनाएको छ।

जिल्लामा आर्थिक वर्ष २०७७-७८ मा नौ सय ९२, आव २०७८-७९ मा एक हजार एक सय ८६ र आव २०७९-८० मा एक हजार एक सय ६५ जना क्षयरोगी फेला परेका थिए। झापामा आयतवार 'हो, हामी क्षयरोग अन्त्य गर्छौं' भन्ने नाराका साथ विश्व क्षयरोग दिवस-२०८० मनाइँदैछ ।

"चालु आवमा क्षयरोगका बिरामीको अनुपात हेर्दा ५५ प्रतिशत पत्ता लागेको देखिन्छ", फोकल पर्सन दासले भने, "अझै ४५ प्रतिशत थप क्षयरोगी पत्ता लगाउनु चुनौती



देखिन्छ।" उनका अनुसार गत आव २०७९-८० क्षयरोगबाट २० जनाको मृत्यु भएको थियो ।

"क्षयरोग माइक्रो ब्याक्टेरियम ट्युबरक्लोसिस नामक जीवाणुको संक्रमणका कारण हुने संक्रमणजन्य सरुवा रोग हो । श्वाप्रश्वासको माध्यमबाट सर्ने भएकाले क्षयरोगीले खोक्दा, हाच्छ्यूँ गर्दा कीटाणु निरोगी मानिसको सम्पर्कमा आएमा रोग सर्ने जोखिम हुने गर्दछ", दासले भने । उनका अनुसार राष्ट्रिय क्षयरोग केन्द्रको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७९-८० मा नेपालमा ३७ हजार चार सय ४७ क्षयरोगका बिरामी पत्ता लागेका छन् ।

फोकल पर्सन दासले संक्रमण पत्ता लागेका तीन प्रतिशत बिरामीको मृत्यु भएको भन्दै मृत्यु हुनेमा ३५ प्रतिशत महिला र ६५ प्रतिशत पुरुष रहेका जानकारी दिए । संक्रमित बिरामीमध्ये आठ प्रतिशत १५ वर्षमुनिका बालबालिका रहेका छन् । करिब ७२ प्रतिशत बिरामी फोक्सो संक्रमित छन् भने २८ प्रतिशत बिरामी फोक्सोबाहेक अन्य अङ्गहरुको संक्रमित छन् ।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले नेपालमा आर्थिक वर्ष २०७९-८० मा ७० हजार नयाँ क्षयरोगका बिरामी थपिनाका साथै १८ हजार क्षयरोगीको मृत्यु हुने अनुमान गरेको थियो । नेपालमा अझै ४५ प्रतिशत क्षयरोगका बिरामी पत्ता लगाउन नसक्दा यो रोग उन्मूलन गर्ने लक्ष्य भेट्टाउन चुनौती थपिएको स्वास्थ्य कार्यालय झापाका क्षयरोग फोकल पर्सन दासले बताए ।

नेपाल विश्वमा औषधि प्रतिरोधी क्षयरोगको उच्च भार भएको देशमा पर्ने भन्दै छ सय ९३ जना औषधि प्रतिरोधी क्षयरोगका बिरामी पत्ता लगाएकामा पाँच सय ४६ उपचारको दायरामा आएका छन् । पत्ता लागेका क्षयरोगका बिरामीको उपचार सफलता दर ९२ दशमलव चार र औषधि प्रतिरोधी क्षयरोगका बिरामीको उपचार सफलता दर ८२ प्रतिशत रहेको उनले जानकारी दिए। दुई हप्ताभन्दा बढी समय एकनासले खोकी लाग्नु, खोक्दा खकारमा रगत देखिनु, साँझपख ज्वरो तथा पसिना आउनु, खानामा रुचि कम हुनु, तौल कम हुनु क्षयरोगका प्रमुख लक्षण हुन् ।

# कोशी टप्पुमा गैंडाको वंश विस्तारको पहल

सुनसरी(प्रस) । अर्नाको राजधानी मानिने कोशी टप्पु वन्यजन्तु आरक्षमा गैंडाको वंश विस्तारको पहल गरिएको छ। त्यसका लागि असोज पहिलो साता चितवन राष्ट्रिय निकुञ्जबाट चार वर्षीया पुष्पा र तीन वर्षीया अन्जलीलाई परीक्षणका लागि आरक्षमा ल्याइएको थियो ।

सात महिनाको अवधिमा पुष्पा र अञ्जली यहाँको वातावरणसँग अनुकूलित देखिएपछि आरक्षले शनिबार चिनवनबाटै एक भाले गैंडा ल्याएको छ। प्राविधिक समितिको सुझावका आधारमा संघीय वन तथा वातावरण मन्त्रालयलको सिफारिसमा सात महिना पहिला भौगोलिक परीक्षणका लागि ल्याइएका पोथी गैंडामा कोशीको हावापानी अनुकुल देखियो। आरक्ष प्रमुख रमेशकुमार यादवले भने, 'टप्पुको हावापानी गैंडाका लागि 'ठिक' देखिएपछि वंश विस्तार गर्न शनिबार सात वर्षीय मेगौली नामको भाले गैंडा पनि ल्याइएको छ।' आरक्षमा भाले गैंडा ल्याइएसँगै यहाँ गैंडाको वैश विस्तार हुने विश्वास गरिएको यादवले वताए।

कोशी टप्पु वन्यजन्तु आरक्षले पुष्पा र अन्जलीसहित मेगौलीका लागि सप्तरीको पथरी सेक्टरमा रहेको वन्यजन्तु उद्धार केन्द्रको वरपरको करिव दुई हेक्टर जंगल क्षेत्रको क्षेत्रफलमा तारजालीले घेरेर चरन क्षेत्र निर्माण गरेको राष्ट्रिय प्रकृति संरक्षण कोष कोशी संरक्षण केन्द्रका प्रमुख वीरेन्द्र गौतमले बताए।

यसअघि कोशी टप्पुबाट २०७३ मा चितवन राष्ट्रिय निकुञ्जमा १६ वटा अर्ना स्थान्तरण गरिएको थियो। स्थानीयको निकै विरोधका बाबजुद स्थान्तरण गरिएका सबै अर्ना चितवनमा बाघको आक्रमण र बाढीका कारण मरेपछि त्यसको सट्टामा चितवन राष्ट्रिय निकुञ्जले कोशी टप्पु वन्यजन्तु आरक्षलाई गैंडा तिरेको बताइएको छ। चितवनको जस्तो कोशी टप्पुमा जंगली शिकारी जन्तु बाघ र चितुवा नभएका कारण अन्य वन्यजन्तु यहाँ सुरक्षित रहने सम्बद्ध पक्षको भनाइ छ।

जंगली भैंसी अर्ना संरक्षणका लागि २०३२ सालमा स्थापना गरिएको कोशी टप्पु वन्यजन्तु आरक्ष सुनसरी, सप्तरी र उदयपुरको १ सय ७५ वर्ग किलोमिटरमा फैलिएको छ।

## किचकबधमा...

पनि कुनै शासकको दरबार र किल्ला रहेको अनुमान गर्न सकिने भएको छ।

यो संरचना इसाको पाँचौं शताव्दिसम्म कायम रहेको अर्थात भारतको गुप्तकालसम्म कायम रहेको र त्यो समयमा यस क्षेत्रमा आएको ठूलो भुकम्पले यो स्थल ध्वस्त भएको फ्रेन्च भूगर्भविदको अध्ययनले देखाएको पुरातत्वविद आचार्यको भनाई छ।

उनले यसपटक उत्खनन् उत्तरपूर्वी कुनाको पहिला मन्दिर रहेको क्षेत्रमा भइरहेको जनाउँदै यसभन्दा पश्चिम जान अहिले भइरहेको हल जस्तो संरचना भत्काउनु पर्नेमा अहिलेसम्म नभत्काईंदा समस्या भएको बताए। उनले पहिले उत्खनन् गरेर संरक्षित गरेका स्थानमा पनि मान्छेले टेकेर हिँडन नहुनेमा हिँडेर भत्काउने गरेको र त्यसलाई संरक्षण समितिले सुरक्षित राख्न ध्यान दिएमात्र यसको ऐतिहासिकता सुरक्षित रहने बताए।

पुरातत्व विभागका अधिकृत नवराज अधिकारीले यसपटक यही चैत २ गतेबाट सुरु भएको उत्खनन् १८ गतेसम्म हुने र समय मिले संरक्षित गरेर जाने बताउँदै बाँकी काम पुरातत्व विभागले सक्ने गरी अर्को बर्ष बजेट दिएमा सकिने र संरक्षित गरिने स्पष्ट पारे।

यसपटकको टोलीमा पुरातत्वविद आचार्य, पुरातत्व विभागका अधिकृत नबराज अधिकारी, इन्जिनियर रोशनी महर्जन, प्राविधिक सहायक महेशबाबु शर्मा राजोपाध्याय र फोटोग्राफर राजन पौडेल रहेका छन्।

## सक्षम सामाजिक उद्यमी महिला कृषि सहकारी संस्था लि.

**कनकाई -३ सुरुङ्गा, झापा**

**kiE-mail:-coopsaksham4@gmail.com**

## दरभाउका लागि ७ दिने सूचना

सूचना प्रकाशन मितिः २०८०/१२/११

कनकाई नगरपालिका र सक्षम सामाजिक उद्यमी महिला कृषि सहकारी संस्था लि.बिच भएको सम्झौता बमोजिम कोशी प्रदेश सरकारमार्फत आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार सशर्त अनुदानतर्फ गाईपालन प्रवर्द्धन कार्यक्रमका लागि प्राप्त हुने अनुदान अन्तर्गत खरिद गरिने गाई(बाच्छी)को लागत मूल्य तयार गर्ने प्रयोजनका लागि योग्य फर्म,कम्पनी वा संस्थालाई तपशिल बमोजिमको विवरण( स्पेशिफिकेशन)अनुसारको गाई(बाच्छी)को प्रचलित दरभाउ मूल्य पठाई सहयोग गरिदिनु हुन यो सूचना प्रकाशन गरिएको छ।

तपशिल

उन्नत जातको गाईमा हुनुपर्ने प्राविधिक मापदण्डहरु(स्पेशिफिकेशन)

१.जातःउन्नत गाई(जर्सी वा होलिस्टिन वा तिनीहरुको वर्णशंकर)
२.जातीय गुणः जात अनुसारको गुणहरु प्रष्ट देखिने ।
३.अवस्थाः भर्ना भएको कोरली(ब्याउने वा ब्याएका)।
४.उमेर : बढीमा २ देखि ३ बर्षको ।
५.प्रजनन् अंगःकुनै बिकृति नभएको ।
६.शारीरिक बनावटःजात अनुसार गुणहरु झल्काउने ।
७.कल्चौडो :धेरै मांशपेशी नभएको,नलत्रिएको र नशाहरु प्रस्ट देखिने ।
८.थुन : ४ वटै थुनहरु बराबर र मिलेको साथै राम्रोसँग विकसित भएको,घाउ,गिर्खा नभएको तथा थुन नफुटेको ।
९.स्वास्थ्य अवस्था : निरोगी

**अध्यक्ष**

**सक्षम सामाजिक उद्यमी महिला कृषि सहकारी संस्था लि.**

**कनकाई -३ सुरुङ्गा, झापा**







नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

# प्रतिदिन अभिव्यक्ति

## तिमी र म !

• निजी निसुम




हर रात
तिम्रो कोमल स्पर्श
मभित्र
सलबलाउने गर्छ
हर बिहानी
तिम्रै मोहले मलाई
ब्युँझाउने गर्छ
जिन्दगी हौ, तिमी मेरो
मेरो मायाको
सिङ्गो संसार तिमी
माग तिमी मलाई
मेरो वशमा भए जति
तिमीलाई दिउँला
मेरो लागि
महासागर तिमी
तिमीभित्रै म हराएको छु
तिमीलाई हेर्दै
सारा दुःखहरू भुलेको छु
मेरो मायाको
दाबेदार तिमी
तिम्रै अगाध मायामा
म डुबेको छु
तिम्रै रुन्चे हाँसोमा
म भिजेको छु
अनि तिम्रा तोते बोलीहरू
मायाले ओतप्रोत भावनाहरू
कलिला तिम्रा पाइलाहरू
त्यही कहीँ अल्झिरहेको
मेरो जिजीविषा
ती सबै-सबै
अनुभूति अनि आत्मीयता

त्यही सर्बत म
पिउने गर्छु
मृत्युसँग छलेर
अर्को प्रहर फेरि मर्ने गर्छु
एउटा त्यो मिठो
समय थियो
जहाँ म बाँच्न चाहन्थेँ
तिमीसँगै
हाँस्न चाहन्थेँ
मनदेखि रमाउन चाहन्थेँ
फेरि कस्तो समय आएछ
जिन्दगी उधारो भएछ
तिमीलाई बाँधको मुखमा छोडी
भाग्न परेको
कति निर्दयी भएछ समय
डाको छाडी
हाँस्न परेको
तिमी नै त हौ
जसलाई
मेरो अभावमा रुनुपर्छ
मात्र तिमी हौं
जसको नोक्सान
म आफैंले बेहोर्नु पर्छ
तिमी मेरो जिन्दगी
अनि म तिम्रो ढुकढुकी
तिम्रो म अनि मेरो तिमी
तिमीबिना म छैन
मबिना तिमी!
दुःखमा
जाडो काट्दैछु
रातको शीतसँग
सुख साट्दैछु
तिमी नै त छौ
जुसको
यति भरोसा गर्छु म।

तिमी भएसम्म
मरेर पनि
कहाँ मर्छु म
म सँगसँगै हुर्किएको
तिम्रो माया
मसँग छ
तिमीसँग पनि छ
सधैं-सधैं छ
अजम्बरी छ
हरेक साँझ तिम्रै बारे सम्झँदै
निदाउँछु
कोल्टे फेर्दै
रात कटाउँछु
जिन्दगीका पानाहरूमा
भुल्नै नमिल्ने
सम्झनाहरूमा
अनवरत चलिरहने
समयसँगै मिठा यादहरूमा
तिमी छौ
र म छु
तिमी छैनौ
म छु कहाँ?

# ज्योति



• बखतबहादुर थापा

खाना बनाउँदै, झकाउँदै गर्ने मेरो बानी नै बसिसकेको थियो । म त्यही तालमा थिएँ । मेरो पढाइ देखेर जल्ने काले अचानक स्याँ... स्याँ... गर्दै आएर छेवैमा बस्यो ।"निन्द्रा पुऱ्याउँदै छौ ?," उसले मेरो काँधमा हात राख्यो ।
"काँधमा हात राख्नु हुन्न यार देउता बसेका हुन्छन् ।" मैले उसको हात हटाउँदै भनेँ- "वार्षिक जाँच अर्धवार्षिकमा झारे हुने नि ! छिट्टै पढाइ सकेर घर जानु छ ।"
उसले मेरो अनुहारमा दृष्टि गाडेर अट्टहास गर्दै भन्यो, "तिम्रो यो रातदिने परिश्रम निरर्थक देख्छु म ।"
"परिश्रम पनि निरर्थक हुन्छ !," मैले आँखा तरेँ ।
"बिचरा !" यति मात्र भनेर उसले कटाक्ष ग-यो ।
त्यसरी जिस्क्याउने आँट कहाँ थियो र कालेको ! उसको फूर्ति देखेर गम्भीर भएँ । एकछिन घोरिएपछि सोधेँ, "तिम्रो विचार के हो खुलस्त पार न !"
"एउटा खबर पाएको थिएँ । तात्तातै सुनाउँछु भनेर दौडिँदै आएको हुँ । तर त्यसले तिम्रो अहङ्कार मात्रै हैन, अनुहारको रङ पनि उतार्छ कि भन्ने पो लाग्न थाल्यो ।" यति भनेर मेरो प्रतिक्रिया हेर्न थाल्यो ऊ ।
म अत्यन्त भावुक प्रवृतिको मान्छे । मेरो अनुहारलाई मनको ऐनाभन्दा अतिशयोक्ति नहोला । कालेको कुरा र उसको अनुहारमा देखिएको चञ्चलताले मेरो मन झस्कियो । त्यो झस्काइ मेरो अनुहारमा आएर थुप्रिएछ ।
"तिम्रो अनुहारको चमक उत्री त हाल्यो ! ज्योतिको बिहे धुमधामसित भयो रे ! भन्ने खबर सुनाउन आएको थिएँ भन्दा के फरक पर्ला र !" उसले आफ्नो खबरको वजन घटेझैं गरेर भन्यो साथमा खल्लो मुस्कान दियो । त्यस सन्देशको भाव मेरो जिउमा जसरी फैलिँदै गयो उसैगरी आफू बसेको जमिन भासिए जस्तो भयो । मेरा दुवै हात आफू बसेको स्टुल अँठ्याउन पुगे । मैले आँखा चिम्लेँ । केहीबेरसम्म चिम्लिरहेँ । मेरी ज्योति गई ! अब मैले कसलाई देख्छु । के देख्छु । मैले आँखा उघारेर वरपर हेरेँ । उस्तै त देखिन्थ्यो । सब थोक उस्ताको उस्तै ! आफैँलाई चिमोट्दा झसङ्ग भएँ म । यो कुनै भ्रम हैन भन्ने विचारले टाउको हल्लाएँ । मैले आफूलाई मात्रै सुम्पिनु थियो भने कल्पनाको संसारबाट किन तानेकी मलाई ? आफैँले तोडिदिने, भुलिदिने वाचाबन्धनले किन बाँधेकी ! किन ? प्रलय जाने गरी चिच्च्याउन सक्ने भए फेरि सृष्टि गर भनेर भगवान्को काम बढाइदिन्थेँ ।
कल्पनातीत खबरले मेरो जिउ झनझनाउँदै गइरहेको थियो । मैले आफ्नै कानमा दिएँ एक झापु । अनि दाह्रा किट्किटाउँदै भनेँ, "अचानक उल्टोपाल्टो पो सुन्न थालिस् । यस्तो अशुभ समाचार ग्रहण गर्दा फुट्न किन नसकेको ! खै, दोहोऱ्या त !" मैले कान थापेँ ।
फेरि चोट पाइन्छ जस्तो गरेर ट्वाँ... परिरह्यो कान । कान्छीऔँलो कोचेर जोर जोरले हल्लाउन थालेँ ।
ममाथि देखिएको अस्वाभाविक भावभङ्गीले कालेलाई तर्साएछ । उसको अनुहार फिक्का पर्दै गयो । कर्के आँखाले मतिर हेर्दै बिस्तारो बिस्तारो सर्दै ढोकामा पुग्यो । उसको सन्देशले मलाई अर्धपागल जस्तो बनाइदिएको थियो । कान कोट्याउन छोडेर म आफैँलाई चिथोर्न थालेँ । काले बिस्तारै उठेर सुस्तरी पाइला चाल्दै बाहिरियो ।
"काले ! म यहाँ आएकै थिइनँ, मैले केही भनेकै छैनँ... भन्ने कसम खाँदै जा न !"
मेरो वाक्यलाई पछाडिबाट आएको झटारो जस्तो ठानेर भाग्यो ऊ । मेरो दृष्टिले ओझेल नहुन्जेल पछ्यायो उसलाई ।
मैले के सुनेँ । किन सुनेँ । कसको के बिराएको थिएँ र ! के मेरो बायाँ आँखो फरफराएको थियो ? एकछिन सम्झने प्रयत्न गरेँ । अँह, मेरो आँखो फरफराएन । धुमधामको बिहेलाई मागी बिहे भनिन्छ । बिहेको कुरा चल्दा उसले मलाई सम्झी होली । मलाई बाडुली लागेको थियो कि ! फेरि टोलाएँ म । अहँ, मलाई कुनै सम्झनाले घोचेन । कुनै अपसकुनबिना नै मेरो जीवन टुङ्गियो त ! ज्योति डुबेकै हो त ! कसैले छिनेकै हो त ! तिमी मेरो म तिम्रो... भन्ने त्यसको लयात्मक स्वर अर्कैतिर सरेको हो त !
यति ठुलो घटना घट्दा सानोतिनो सङ्केत त मिल्नै पर्ने हो । मृत्यु हुनुअगावै रोग लाग्नु अथवा बुढ्यौली आउनु भने जस्तो कुनै निहुँ वा लक्षण देखिनुपर्ने हैन र ! मेरो माया त्यति कमजोर थियो त !... सोच्दासोच्दै मेरो सोचाइ अवचेतन अवस्थामा पुग्यो । लगभग एक महिना अगाडि सपनामा कोही आएर मेरो बायाँ अङ्ग माग्यो । आश्चर्यमा डुब्नुको साटो खितखिताएँ म । मेरो बायाँ अङ्ग सकसक्याउने, चिलाउने हुन थाल्यो । तर कन्याउन सकिनँ । कस्तो हास्यास्पद सपना थियो । आधा अङ्ग माग्नुको अर्थ के थियो ? मैले त्यसको अर्थ लगाउन सकिनँ । तर त्यस सपनाले मेरो खोपडीमा जरा गाड्यो । बेलाबखत घोच्ने गर्न थाल्यो । त्यस घोचाइले मलाई उकुसमुकुस बनाउँदै रह्यो । हल्काफुल्का झुऱ्याउँदै रह्यो ।
अस्ति रातिकै सपना त हो क्यार ! त्यही आधा अङ्ग माग्ने बदमास थुप्रै मान्छेसमेत झोलीझाम्टा लिएर आयो । ती सबै मिलेर मेरो बायाँ अङ्ग काटेर लिए । रुनु पर्नेमा म खित्का छोडी छोडी हाँसेँ, हाँस्दै रहेँ, पागल जस्तो ! जब ब्युँझेँ सपना सम्झेर उदेग लाग्यो, उदासिएँ । यसको फल अमङ्गलकारी हुन सक्ने शङ्का लाग्यो । किनभने सपनाको फल उल्टो हुन्छ भन्ने बुढापाकाको भनाइ सम्झेँ । साथै म त तिम्रो अर्धाङ्गिनी के भनेर मेरो बायाँ काँधमा झुन्डिने ज्योतिलाई सम्झेँ । यस सम्झनाले मेरो मुटुमा ढ्याङ्ग्रो ठोक्यो ।
के मेरी अर्धाङ्गिनीले छोडेको लक्षण हो त ? बिहे नै नगरी अर्धाङ्गिनीको दाबा गर्थी ऊ । म त लट्ठै पर्थें । हाम्रा बाचा, विचार, विश्वास, माया सबै मिलेर यति धेरै बाँधेका थिए कि बेग्लै हौँ भन्ने लाग्दै लाग्दैनथ्यो । त्यही भएर त्यस्तो सपना आएको हुन सक्छ । कालेले ठिकै भनेको थियो होला । मेरो कानको गल्ती थिएन होला । बित्थामा चड्कन पायो ।
सपनामा मरिमरी हाँस्नुको तात्पर्य डोलीमा चढाउँदा यादगार बन्ने गरी चिच्च्याई चिच्च्याई रोएकी थिई कि ! मलाई सम्झेर । तर जन्तीहरू कस्ती संस्कारी बेहुलीभन्दा हुन् । दुलाहाको सामुन्ने पर्दा आँखा चिम्लेर मलाई सम्झी होली । उसको सहचर बन्नुपर्दा अँधेरो मनपराई होली । मलाई सम्झन । उज्यालोमा मलाई हेर्नै लजाउँछे ! कस्ती लजालु स्वभावकी सुशील स्वास्नी भनेर दङ्ग पर्दो हो मूर्ख दुलाहा !
विपनीमा यसरी रुनलाई पो हाँसेको थिएँ कि ! अब रोएर के नै हासिल होला र !... यस प्रकार मेरो सम्झना पनि बेकाबु भइरहेको थियो । जथाभावी लतार्दै मलाई सुरुमा पुऱ्यायो, उसलाई देखेकै दिन मेरो दृष्टिले टपक्क टिपेर मनमा राखेको हो । दङ्ग पऱ्यो मन । भाँती भाँतीका सपना सजाउन थाल्यो । त्यो साकार पार्न र अगाडि बढ्नलाई उसको सहयोग खोज्न थाल्यो । बाटोमा बसेर ढुक्न थालेँ । ऊ आउँथी, जान्थी । मेरो दृष्टिले परबाट ल्याउँथ्यो र ओझेल नहुन्जेल पछ्याउँथ्यो । अनि अँधेरिँदै फर्किन्थ्यो । मेरो आकर्षण र भावनाको कुनै सङ्केत देखाइन । मित्रताको प्रस्ताव कसरी राख्नु ! उसको मुखबाट नकारिने आँट थिएन ममाथि । एक त आफू खोटिने, दोस्रो भविष्यको आशा र कल्पनाको आधार टुङ्ग्याउने काम हुने । मानौँ धिक्कारिनलाई जाइलाग्न चाहन्थेँ म । त्यही भएर लाज छोपे जस्तै मन सम्हाल्न खोजेँ । उसलाई मनबाट निकाल्न खोजेँ । तर सकिनँ । विकल्पमा म कल्पनाको सहारा लिन थालेँ ।
मेरो कल्पनाको गृहस्थी सुरु भयो । कल्पना नै किन नहोस्, न्यायोचित भएन भने सन्तुष्टि मिल्दैन भन्ने मान्यता राख्थेँ । कुनै खटपट जन्मिएमा अक्कलको हतियारले त्यसलाई तह लगाउँथ्यौँ । हामी दुःखले हैन खुसीले बाझाबाझ पाथ्र्यौं । रिसाउनु, खुसाउनु र नखरा देखाउनु जीवन हाँक्ने ऊर्जा ठान्थ्यौँ । त्यसलाई सम्झनामा ताजै राख्न र आफ्नो कल्पना फराकिलो बनाउन बाटोमा जान्थेँ र आँखैभरि समेट्थेँ । अनि माइत गएर आएकी ठान्थेँ । नाच्थेँ । रमाउँथेँ । मेरो झुकाव यति सघन भइसकेको थियो कि उसको छाया पनि चिन्न थालेको थिएँ ।
यो सांसारिक गतिविधि एउटा भ्रम हो भन्ने पनि सुनिन्छ । म मेरो कल्पनालाई फाल्तु किन मानौँ ! एक्लै हात हल्लाउनु । मुस्कुराउनु । बडबडाउनु मेरा निम्ति सामान्य हुँदै गएको थियो । मेरो चर्तिकला देख्नेहरू आश्चर्यमा डुब्थे । साहित्यकार हुन आँट्यो कि क्या हो भन्थे । तर साहित्यिक रचनाले हैन मलाई घरगृहस्थीको कल्पनाले उडाइरहन्थ्यो ।
वर्षदिन बितेछ । मलाई कल्पनाको वार्षिकी मनाउन मन लाग्यो । वर्षभरिमा भएगरेका सबै कर्म तौलिँदातौलिँदै पूरै रात बितेछ । बिहान अबेरसम्म सुत्दा पनि आलस्यले छोडेन । मुखमा पानी छ्यापेर भगाएँ । अनि चियाचमेना खाइवरी बाटोमा पुगेँ । अगिल्लो दिन पनि बाटोमा गएर कल्पनाको मलजल समेटेकै थिएँ । अनि निदै उड्ने गरी रातभरि केलाएको थिएँ । भोलिपल्टै बाटोमा दृष्टि बिछ्याउन पुग्नुको कारण अत्यधिक अनुराग बिसर्जन गर्नलाई थियो त ! जसले मेरो निद उडाइदिएको थियो । निकैबेर उभिएपछि आज आउँदिन कि भन्ने पो लाग्यो । छटपटी बढ्दै गइरहेका बेला परबाट आउँदै गरेकी देखिई । मेरो खुसीको सीमा रहेन । गद्गदाएँ । मेरो खुसी अनुहारैभरि नाचेको थियो कि ! उसको दृष्टि पनि मेरो अनुहारमा के परेथ्यो टाँसिएको टाँसियै भयो । उसको अनुहार धपक्क बल्यो । हिँड्नै बिर्सिई । मोहनी जस्तो उसको आकर्षणले मलाई तान्दै लग्यो ।
मैले रातभरि जागा बसेको सपना देखिछ ? कि यसले हेरेरै मात्र आफ्नो चित्त बुझाउन थाल्यो भन्ने विचार गरेर आत्तिई । जेहोस्, बेसै भयो । मेरो खुसीका पखेटा लागे । कुन महिना हो यो, कुन बार हो, आज कुन ग्रहनक्षत्रको दयादृष्टि बर्स्यो ममाथि !... खुसीले उचालिँदाउचालिँदै जब कल्पनाको आड लिएर दिन काटिरहेको यथार्थ सम्झेँ तब तुरुन्त सम्हालिएर वरपर हेरेँ । ऊ ओझेल भइसकेकी थिई । के यो पनि कल्पनै थियो त ! कल्पनै थियो भने म त घरमै हुनुपर्ने ! बाटोमा भए पनि आफ्नै तरफ हुनुपर्ने ! उसले हिँड्ने ठाउँमा कसरी आइपुगेँ । दोधारमाथि दोधार थपिएर मलाई रिँगाइदिएको थियो ।
यो शुभ-सकुन हो कि अपसकुन ? अब आएर यथार्थको बाटो समात्नु ! एक वर्षदेखि जोड्दै लगेको कल्पनाको घरगृहस्थी भत्काइदिनु ! यस अन्योल्याइले मेरो कल्पना अल्झायो । दिनभरि हुँदै रातभरिसम्म कता-कता अट्किरहेँ । बिहान त्यहीँ गएर उभिएँ । बाँकी मेरो कुनै कामै थिएन जस्तो । छिट्टै पुगेछु ढुक्न । निकैबेरपछि आउँदै गरेकी देखिई । पर्खिंदा पर्खिंदा थाकेर हाँस्नै बिर्सेछु । उसको मुस्कानले पो झस्किएको थिएँ । ऊ नजिकिएपछि "चन्द्र !" मैले हात बढाउँदै भनेको थिएँ ।
"ज्योति...!" रसिलो मुस्कानसहित उसले आफ्नो नाम भनेर हात खप्ट्याएकी थिई ।
"चन्द्रकी ज्योति ! त्यही भएर त तिमीलाई देख्न नपाएपछि म मलिन हुँदै गएर पूरै अँधेरिन्छु । दिनमै पर्छ रात ।" मेरो यस उद्गारले उसको हाँसो ह्वात्तै झऱ्यो । मोती जस्ता उसका दाँत चम्किँदै गए । झरना कलकलाए झैँ उसको हाँसोले मेरो कान भर्दै गयो । म हेरेको हेऱ्यै भएँ । इन्धन पाए झैँ मेरो कल्पना जागेर मलाई उडाउन थाल्यो । जब म सम्हालिएँ ऊ ओझेल भइसकेकी थिई । ममाथि थुप्रै खुसी चार्ज भइसकेको रहेछ । त्यसैले उचाल्दै घर पुऱ्यायो । भोक-शोकले मलाई पहिल्यैदेखि छोडिसकेको थियो । कोठाभित्र पसेर चुकुल लगाएँ अनि नयाँ उपलब्धि सम्झेँ । प्रत्येक वस्तुमा ज्योति र उसको हाँसो फैलिन थाल्यो । म मोहित भएर टोलाइरहेँ ।
सयमसँगै हामी अगाडि बढ्दै गयौँ । बाटोमा मात्रै हैन, फुर्सदमा र एकान्तमा पनि भेट्न थाल्यौँ । हाम्रो माया झाँगिँदै गयो ।
"हामी यसरी जुट्छौँ भन्ने तपाईंलाई विश्वास थियो ?" उसको जिज्ञासामा मैले भनेको थिएँ, "सायद थियो, किनभने म संसारको बेस्ट मान्छे हुँ भन्ने कुरा मेरी आमा बिर्सिनै दिन्नन् । तिमी मेरा निम्ति बेस्ट छ्यौ । त्यही भएर मेरो कल्पनाले हाम्रो घरबार जोडिसकेको थियो ।"
उसले हाँसेर मेरो गालामा चुम्बन दिई । सायद म सही थिएँ । त्यस विचारले झन् हौस्यायो मलाई ।
"पुरुषको बायाँ अङ्ग सानो र स्त्रीको दाहिने अङ्ग ठुलो हुन्छ ।" उसको यस कथनले खितखिताएको थिएँ । मेरो हाँसोलाई मजाक सम्झिछ, "हल्का फरक हुन्छ के !" उसले भनेपछि मेरो नाक समातेर हल्लाउँदै आफ्नो झोँक पनि उतारेकी थिई । प्रायः आफूलाई मेरै अङ्ग ठानेर बायाँ काँधमै झुन्डिरहन मनपराउँथी ऊ ।
एकपल्ट घुमघाम गर्दै हामी मन्दिरमा पुगेका थियौँ । त्यहाँको वातावरणले हामीलाई भगवान्को बारेमा चिन्तनमनन गर्न बाध्य बनायो । "यदि भगवान्ले वर माग भनेका भए तिमी के माग्थ्यौ ?" मैले ठट्टा गरेँ ।
"आफूबाहेक राम्री स्त्री सबै मरिहालून् भन्थेँ, मात्र तिम्रा लागि..." भनेर खितखिताएकी थिई ।
त्यो सबै बिर्सी त्यसले ! यदि त्यस्तो हो भने त्यसलाई भेटेर भुल्नै नसक्ने अवस्थामा पु-याउनु पर्छ । बिर्सेकी छैन भने पश्चात्तापमा डुबाउनु पर्छ । अरूलाई स्वीकार्नु थियो भने मलाई किन जगाएकी ! किन तानेकी कल्पनाको दहबाट !
मेरो मन बारम्बार ज्योतिलाई नै सम्झँदै थियो । मानौँ मेरो मुटुमा ज्योतिकै आगो बलेको थियो । त्यसलाई निभाउने आँट थिएन ममाथि ! बस, तड्पिरहेको थिएँ । ऊ मेरो खप्परमा घुसेदेखि टोलाइरहन्थेँ म ! "ढोका थुनेर के गर्दै छ बाबु !" अभिवावकको स्वरले झसङ्ग हुने स्थितिमा पुगेको थिएँ । "पढ्दै छु" भनेर कुरो बनाउन पनि भुल्न थालेको थिएँ ।
एक दिन आमाले, "बाबु ! चुकुल खोल् त !" भनेको सुनेर टाउको कन्याउन थालेँ । ढोकामा ढ्याक ढ्याक भएपछि ए... चुकुल भनेको त्यहाँ पो छ भन्ने सम्झेँ ।
"आज खाना खाने हैन ?" आमाले आश्चर्य प्रकट गरिन् ।
"खाना" भन्ने शब्दले पनि अल्झाएछ मलाई ! "क्या..." भनेर टोलाएको थिएँ ।
"खाना खाना !" हातले सङ्केत दिँदै आमा दिक्दारिएकी थिइन् ।
"ए... खाना !" मलाई अचानक भोकको अनुभूति भएछ, "हो हो खाने हो..." भनेर टाउको हल्लाउँदै भान्सामा पसेको थिएँ ।
अभिभावकले छोरो मायाजालमा डुब्यो भन्ने पत्ता लगाएछन् । मलाई ठुलै सहरमा पढ्न पठाउने निर्णय सुनाए ।
मलाई ताज्जुब लाग्यो । अभिवावकको त्यो जुक्ति तात्तातै सुनाउन म ज्योतिकहाँ पुगेको थिएँ । उसले केहीबेर घोरिएर टाउको तल-माथि हल्लाउँदै भनी, "पढाइ त टुङ्ग्याउनु नै पऱ्यो । आफ्नै भविष्यका लागि । त्यसका लागि सहरै सही । तर म पनि एउटा अभिलासा राख्न चाहन्छु ।"
मैले पुलुक्क उसको मुखमा हेरेँ । तर बोली फुटेन ।
"तिम्रो पढाइको उपलब्धि सुनेर, देखेर गर्वले फुल्न पाइयोस्, हाँस्न पाइयोस्, नाच्न पाइयोस् ..." बोल्दाबोल्दै ऊ भक्कानिएकी थिई ।
अन्ततः मैले पनि पूरै विश्वासिलो पाराले टाउको हल्लाएको थिएँ । अठोट ! मेरो त्यो अठोट सर्वपरी भयो । मानौँ म त्यही ज्योतिका निम्ति उसैको ज्योतिले पढ्थेँ । म कापी-कलम र किताब मात्रै चिन्थेँ । त्यसको परिणामले मेरो छाती फुल्दै आएको थियो । शिक्षाले घमण्ड चुलिनु नपर्ने हो । तर साथीसँगीको प्रतिक्रियाले मलाई अहम्-भावको खोल ओढाइदिएको थियो ।
यति हुँदाहुँदै पनि सुटुक्क आएर कालेले त्यस्तो खबर सुनाएर गयो । पत्याऊँ त कसरी पत्याऊँ नपत्याऊँ त कुन दुनियाँमा जाऊँ ! त्यो खबर सुनेदेखि मलाई चिन्ता खानु चिन्ता लाउनु चिन्तासँगै सुत्नु भएको छ । यस्ता तमाम स्मृतिहरू कसरी बिर्सूँ म !
मैले मनपराउन थालेको वर्षदिनपछि पत्याएकी थिई उसले । मेरै मनलाई ऐना बनाएर बाँचुन्जेलका सपना देख्ने र देखाउने गर्थी । त्यसको खेलौना थिएँ त ! मन भरियो, सकियो । निकैबेर घोरिएँ तर ज्योतिबाहेक केही सोच्नै सकिनँ । केही देख्नै सकिनँ । ऐना झैँ फुटालेको मन जोड्नै सकेनँ । उसले अधिकार जमाएको मेरो बायाँ अङ्गदेखि नै घृणा जाग्न थाल्यो । मैले बायाँ काँध छामेँ, पाखुरो छामेँ, खुट्टो पनि छामेँ, सब ज्योतिसँगै गए जस्ता बिरानो लाग्न थाले । कठ्याङ्ग्रिँदै गइरहेको भान पर्न थाल्यो । नछुऊँ, नहेरूँ जस्तो लाग्न थाल्यो । मेरो चेतना पनि निस्क्रिय हुँदै गयो । मलाई भाउन्न भएर आयो । अधबेस्रो भएँ ।
"चन्द्र ! के भयो तँलाई ? यस्तो हुलिया बनाएर कहाँबाट आइस् ?" बुवाको स्वरले झस्किएर आफ्नो जिउतर्फ हेरेँ । बायाँ काखीमा बैसाखी थियो ।
बायाँ खुट्टो र हात त्यसैमा टाङ्गिएका थिए । मेरो बायाँ आँखो पनि बुझिएको थियो । बायाँपट्टिको मुख पनि बटारिएको थियो । कालेको खबर सुनेदेखि दिन, हप्ता, महिना, वर्ष कति बिते, कसरी बिते थाहा पत्तो थिएन मलाई । मानौँ म चन्द्र हुँ भन्ने पनि जान्दिनँ जस्तो ... !
बुवाको स्वर सुनेर घरभित्रबाट बाँकी परिवार फटाफट निस्कन थाले । मलाई देखेर अवाक् देखिन थाले । आश्चर्यमा डुब्न थाले । मलाई चिन्नै सकेनन् जस्तो । यथार्थले सबैको चैन उडायो । के, किन, कसरी, यस्तो के देख्नुपऱ्यो ? यस्ता अनेक जिज्ञासासहित आत्तिँदै आएर मलाई अँगाल्न थाले । रुँदै चिच्याउँदै मलाई सुमसुम्याउन थाले । अनि त मेरो मगजमा फेरि ज्योति जागी ।
"म कहाँ आइपुगेँ ?..." स्वरसँगै वरपर दौडेको मेरो दृष्टिले उपस्थित सबैको सातो उडायो ।
"दैव !..." अभिभावक टाउकोमा हात राखेर भुइँमा थेच्चिए ।
म आफ्नो गन्तव्यतर्फ लम्किएँ । जहाँ पहिलो पटक ज्योतिलाई देखेको थिएँ । भेटेको थिएँ । जुन बाटो ज्योति हिँड्ने गर्थी । त्यहीँ पुगेर उभिनु त थियो मलाई । सायद जीवन छउन्जेल ! आधा जिउ बैसाखीमा टङ्गाएर बाटोमा उभिँदा कस्तो देखिन्छु होला ! मेरो जात्रा हेर्नेहरूको ठेलमठेल हुने छ । जात्रा हेर्न आएकी ज्योति मलाई चिनेर मूर्ति बन्नेछ । म उसको दृष्टिसँगै हराउँदाहराउँदै सायद विलयन हुने छु ।

# बिचौलियाको हातमा अलैँचीको मूल्य

झापा(प्रस)।अलैँचीको मूल्य निर्धारण बिचौलियाको हातमा रहेको भन्दै किसानहरूले नियमन गर्न माग गरेका छन् । बिचौलियाले किसानले विक्री गर्ने समयमा कम मूल्य बनाएर खरिद गर्ने र बढी मूल्य बनाएर विक्री गर्ने गरेको पाइएको हो ।

प्रतिमन ७० हजार सम्ममा विक्री गरेको अलैँची हाल बिचौलियाले ८६ हजारभन्दा बढीमा मूल्य निर्धारण गरेका छन् । अलैँचीको गुणस्तर र सामग्री उही भए पनि मूल्य मात्र घटबढ गर्ने गरेपछि यसको नियमन गर्न किसानले माग गरेका छन् ।

पहाडी जिल्लाका किसानको प्रमुख आय स्रोतका रूपमा स्थापित अलैँचीको मूल्य शनिवार प्रतिमन ८६ हजार रुपैयाँ पुगेको छ । किसानले बेचिसकेपछि अलैँचीको मूल्य आकासिएर प्रतिमन ८६ हजार (प्रतिकिलो दुई हजार एक सय पचास ) रुपैयाँ पुगेको हो । शनिवार झापाको बिर्तामोडमा प्रतिमन ८६ र पाँचथरको फिदिममा ८५ हजार रुपैयाँमा किनबेच भएको फिदिमका अलैँची व्यवसायी खेमनाथ अधिकारीले बताए । फिदिममा अलैँचीको मूल्य प्रतिमन ८५ हजार रुपैयाँ पुगेको यो वर्ष पहिलो पटक हो ।मूल्य बढेपनि अलैँची उत्पादक किसान स्वयम् यो मूल्य पाउनबाट वञ्चित भएका छन् । सिजन सकिएसँगै किसानको अलैँची भण्डार पनि रित्तिएकाले बढेको मूल्यबाट व्यवसायीलाई भने केही राहत भएको छ ।

पाँचथरको फालेलुङ ३ का किसान बिरबल लिम्बूका अनुसार अलैँचीको सिजन सामान्यतया भदौदेखि सुरु भएर मंसिर पहिलो सातासम्म हो । किसानले प्रशोधन गरेको अलैँची



भदौदेखि माघ महिनाभित्रै बिक्री गरिसक्ने भएकाले यो बेला बढेको मूल्य सङ्कलक र व्यापारीले मात्रै भेट्छन् ।

'यो वर्ष पनि बेसिजनमा मूल्य बढेकाले किसानलाई भन्दा धेरै फाइदा व्यवसायी र सङ्कलकलाई नै भयो ' लिम्बूले भने ।

व्यवसायीहरूका अनुसार अलैँचीलाई गुणस्तरका आधारमा क,ख र ग गरी तीन तहमा विभाजन गरिएको हुन्छ । व्यवसायी अधिकारीका अनुसार अलैँचीलाई गुणस्तरका आधारमा क,ख र ग श्रेणीमा विभाजन गरिएको छ । शनिवार फिदिममा उत्कृष्ट (क) श्रेणीको ८५ ,मध्यम (ख) श्रेणीको ८४ र सामान्य (ग) श्रेणीको अलैँची प्रतिमन ८३ हजारमा किनबेच भएको हो ।

यस्तै बिर्तामोडमा क श्रेणीको ८६,ख श्रेणीको ८५ र ग श्रेणीको ८४ हजार रुपैयाँ प्रतिमनका दरले किनबेच भएको छ ।नेपालमा उत्पादन भएको अलैंचीको बजार भारत हो । पूर्वी नेपालमा उत्पादन भएको अलैँची झापाको बिर्तामोड हुँदै भारत छिर्छ । त्यसपछि भारतले तेस्रो मुलुक निर्यात गर्दै आएको छ ।

अलैँचीको मूल्य अन्तर्राष्ट्रिय बजारबाटै निर्धारण भएर आउने गरेकाले त्यसको लाभ किसानले लिन नसकेका हुन् । विशेष गरी पूर्वी पहाडका ताप्लेजुङ,पाँचथर,इलाम र संखुवासभाका कृषकको प्रमुख आय स्रोत नै अलैँची हो ।

# रूसी कन्सर्ट हलमा भएको आक्रमणमा ११५ जनाको मृत्यु


एजेन्सी । रुसमा आतंकवादी हमलामा ज्यान गुमाउनेको संख्या १ सय १५ जना पुगेको छ । मस्कोको क्रोकस सिटी हलमा गएराति भएको आक्रमणमा कम्तिमा १ सय १५ जनाको ज्यान गएको र ९० जना भन्दा धेरै घाइते भएका बीबीसीले जनाएको छ । गएराति एउटा कार्यक्रम भइरहेको हलभित्र पसेर आक्रमणकारीले अन्धाधुन्ध गोली बर्साएका थिए ।घटनाप्रति विश्वभरका नेताहरूले दुःख व्यक्त गरेका छन् ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुका साथै उपचारमा संलग्न चिकित्सकलाई धन्यवाद दिएको रूसी उपप्रधानमन्त्री तात्याना गोलिकोवालाई उद्धृत गरी रूसी सञ्चारमाध्यमहरूले समाचार सम्प्रेषण गरेका छन् ।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले शुक्रबार एक विज्ञप्ति जारी गरी मस्कोमा शनिवारको आतंकवादी आक्रमणको कडा शब्दमा निन्दा गरेका छन् ।

गुटेरेसले रूसको आधिकारिक नाम उल्लेख गर्दै शोक सन्तप्त परिवार, जनता र रूसी सरकारप्रति भावपूर्ण समवेदना व्यक्त गरेका छन् ।

संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्ले पनि शोक व्यक्त गर्दै सबै राष्ट्रलाई रूसी सरकार र अन्य अधिकारीहरूसँग आतंकवादका यी



निन्दनीय कार्यहरूका दोषी र समर्थकहरूलाई जवाफदेही बनाउन र उनीहरूलाई न्यायको कठघरामा ल्याउन 'सक्रिय सहयोग गर्न' आग्रह गरेको छ ।

'सुरक्षा परिषद्का सदस्यहरूले जघन्य र कायरतापूर्ण आतंकवादी आक्रमणको कडा शब्दमा निन्दा गरेका छन्,' विज्ञप्तिमा भनिएको छ ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले यस जघन्य आतंकवादी आक्रमणको भर्त्सना गर्दै भनेका छन्, 'दुःखको यस घडीमा भारत सरकार रूसी महासंघका जनतासँग ऐक्यबद्धताका साथ उभिएको छ ।'

जापानको विदेश मन्त्रालयका प्रेस सचिव कोबायाशी माकीले आक्रमणको निन्दा गर्दै जापानले शोक सन्तप्त रूसी नागरिकप्रति समवेदना प्रकट गरेका छन् । उनले घाइते जनप्रति हार्दिक समवेदना व्यक्त गरेका छन् ।

त्यसैगरी, चिनियाँ राष्ट्रपति सी चिनफिङले आक्रमणको कडा शब्दमा निन्दा गर्दै रूसी जनता र राष्ट्रपति पुटिनप्रति समवेदना प्रकट गरेका छन् । चिनियाँ राष्ट्रपति सीले चीनले सबै प्रकारका आतंकवादको विरोध गर्ने, आतंकवादी आक्रमणको कडा निन्दा गर्ने र आफ्नो राष्ट्रिय सुरक्षा र स्थायित्वको रक्षाका लागि रूसी सरकारको प्रयासलाई दृढतापूर्वक समर्थन गर्ने कुरामा जोड दिएका छन् ।

विगत दुई वर्षदेखि रूसी सैन्य आक्रमणको सामना गरिरहेको युक्रेनका राष्ट्रपतिका सहयोगी माइखाइलो पोडोल्याकले टेलिग्राममा लेखेका छन्, 'युक्रेनको यस आक्रमणसँग कुनै सम्बन्ध छैन ।'

युक्रेनी रक्षा मन्त्रालयको मुख्य गुप्तचर निर्देशनालयले 'मस्कोमा भएको आतंकवादी हमला पुटिनको आदेशमा रुसी विशेष सेवाहरूको योजनाबद्ध र सुनियोजित उक्साहट भएको' बताउँदै युक्रेनसँगको युद्धलाई थप चर्काउने र विस्तार गर्ने उद्देश्य रहेको आरोप लगाएको छ ।

अमेरिकाले 'भयानक' गोलीकाण्डका पीडितप्रति समवेदना व्यक्त गर्दै थप जानकारी लिने प्रयास गरिरहेको जनाएको छ ।

राष्ट्रिय सुरक्षा परिषद्का प्रवक्ता जोन किर्बीले पत्रकारहरूसँग भने, 'यस भयानक गोलीकाण्डका पीडितहरुप्रति हाम्रो समवेदना छ । 'घटनास्थल र वरपरका तस्वीरहरू भयानक छन् र हेर्न गाह्रो छ ।'

ह्वाइट हाउसका अनुसार अमेरिकाले मार्चको सुरुमा रूसका अधिकारीहरुलाई मस्कोमा हुने 'ठूलो जमघट'लाई लक्षित गरी 'योजनाबद्ध आतंकवादी हमला' हुनसक्ने चेतावनी दिएको थियो ।

युरोपियन युनियन (ईयू) ले मस्को आक्रमणले विश्वलाई स्तब्ध बनाएको जनाएको छ ।'इयूले नागरिकमाथि हुने कुनै पनि आक्रमणको निन्दा गर्दछ । प्रभावित सबै रूसी नागरिकप्रति हाम्रो समवेदना छ,' ईयूका प्रवक्ताले बताए ।

फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रौंले इस्लामिक स्टेट (आइएस)ले रूसमा गरेको आतंककारी आक्रमणको कडा शब्दमा निन्दा गरेको बताएका छन् ।

'फ्रान्सले पीडित, उनीहरूका प्रियजन र सम्पूर्ण रुसी जनताप्रति ऐक्यबद्धता प्रकट गर्दछ,' फ्रान्सको राष्ट्रपतिको कार्यालयले उल्लेख गरेको छ ।

## साँस्कृतिक ...

किनकर हाथ कनक पिच्करी किनकर हाथ अबिरा होरी खेली रघुविरा , अबधमे होरी खेले रघुविरा' अब होलीको यो मौलिक गायन नसुनेको धेरै भयो ।'

प्राचीनकालमा भगवान् रामले खेलेको होली र त्यसकालमा गरिएका विभिन्न लीलालाई होली संगीतमा विशेष ठाउँ दिइन्छ । उसवेला होलीको गीत यस्तो हुन्थ्यो -

'राजा जनकजीक द्वापर लम्बी पैड खजुर,
उपर चढे से रामरस पावे
निचा खसे से होय चुर ।
हम छी अपन मनके मौजी
बहुके कहैछी भौजी
भोला जनता किछ नै कहता
हम जे कहबे से हे मानता
हमरो सरकार बनाब दिअ ।'

फागु पर्व वा होली खेल्ने परम्परा प्राचीनकालदेखि नै नेपाली संस्कृतिको अभिन्न अंगको रूपमा रहेको पाइन्छ । शिशिर ऋतुको जाडो र तुषारोले कठ्याङ्ग्रिएर नैराश्य भएकालाई बसन्त ऋतुको आगमनले ल्याउने खुसीको प्रफुल्लित क्षण र मुद्रा होलीको उल्लासमय वातावरणमा प्रस्फुटित हुन्छ ।

मनोरम प्राकृतिक छटा वातावरणमा फागु वा होली नेपाली संस्कृतिमा रंगको पर्व भएर सबै नर-नारीबीच उमंग र उच्छ्वास बाँड्दै आउँछ । आपसी सद्भावबीच गरिने मनोरञ्जन मानव जीवनलाई स्वस्थ राख्न अति आवश्यक हुन्छ । यसले जीवनप्रति उत्साह र सकारात्मक भावना जगाउँछ ।

फागु पर्वको अनेकौँ पौराणिक प्रसंग छन् । प्रथमतः शक्तिमत्त सम्राट हिरण्यकश्यपुले उनको छोरा विष्णुभक्त प्रल्हाद शिवजीबाट आगोको रापले डढाउन नसक्ने वरदान प्राप्त प्रल्हादकी फुपू होलीकाको प्रसंग आउँछ । इश्वरीय शक्तिको महिमा तथा सत्यको जित र खराब प्रवृत्तिको पराजयको प्रतीकका रूपमा आगोले होलिका भष्म भई प्रल्हाद सकुशल रहेको पछि गएर उत्सवको रूपमा होली खेल्ने परम्परामा परिणत हुन गएको मानिन्छ ।

एउटा पौराणिक प्रसंग सत्य युगका पृथराजाको शासनकालसँग सम्बन्धित छ भने अर्को प्रसंगमा द्वापर युगमा पुतना राक्षसनीले धेरै बालबालिकालाई आफ्नो विषयुक्त दूध चुसाइ मार्ने गरेकी र कृष्णलाई समेत त्यसरी नै मार्न लाग्दा भगवान् कृष्णले पुतनाको प्राणवायु चुसेर मारिदिँदा गोकुलवासीले राक्षसनीलाई डढाइ खरानी बनाएको र त्यसको खुसीयाली मनाउन होली खेल्ने परम्परा चलेको मान्यता पनि छ । कतिपय विद्वानले चाहिँ प्रेमका साक्षात् स्वरूप कृष्ण र गोपिनीहरूको प्रेम प्रदर्शन गर्न होली उत्सव मनाइएको उल्लेख गरेका छन् ।

नेपालमा होलीको सुरुवात गोपालराज वंशावली अनुसार लिच्छवीकालमा राजमान देव, त्यसपछि मल्लकालमा मल्ल राजाहरू र शाहवंशमा पृथ्वीनारायण शाहसम्म राजदरबारमा मात्र भव्यरूपमा खेलिने गरेको उल्लेख पाइन्छ । यसको वास्तविक बुझाइ चाहिँ तत्कालीन समयमा भक्तपुरमा नेवार युवतीले गाएका ''जुजुया होली मय जुया मयला'' (राजाहरूलाई मात्र रमाइलो छ, हामीलाई छैन) भन्ने लोकगीतबाट बुझिन्छ । राजदरबार र प्रतिष्ठित ठाउँमा खोलिने होली पछिल्लो समयमा सबै वर्ग र समुदायको उपत्यका, पहाड र तराई मधेसका सम्पूर्ण भू-भागमा मनाउने साझापर्वको रूपमा विकसित भएको पाइन्छ । काठमाडौँ उपत्यकामा होली पर्व बसन्तपुर हनुमान ढोकामा चीर जडित लिङ्गो उभ्याएपछि सुरु हुन्छ । जुन सात दिनसम्म मनाइन्छ । चीरलाई यमुना नदीमा निर्वस्त्र मस्त नुहाउन लागेका गोपिनीका विभिन्न रंगको प्रतीक मानिन्छ ।

पहिला सभ्य ढंगले अविर रंगहरू एक आपसमा सौहार्दपूर्ण वातावरणमा खेल्ने गरिएको भएपनि केही वर्षसम्म जथाभावी पानी रंगमा ढुङ्गाका टुक्रा, सडेका अण्डा आदि राखेर लोलाले हिर्काउने, विशेष काममा हिँडेका सडक यात्रुलाई झ्यालबाट पानी खन्याइदिने, भाङ घतुरो खाएर झैँझगडा गर्ने होली खेलमा सामेल हुन नचाहनेलाई जबर्जस्ती गर्ने आदि क्रियाकलाप हुन जाँदा शिक्षण संस्था नै बन्द भई पठनपाठनसमेत रोकिन पुग्थ्यो ।

तराईवासी यसलाई विशेष पर्वको रूपमा लिन्छन् र शालीन तरीकाले भव्यरूपमा मनाउने गर्छन् । पुरुष वर्ग चौबाटो तथा चौतारामा र महिलाको समूह सफा रंग पानी प्रशस्त मात्रामा जम्मा गरिएको कुनै ठूलो घरमा जात वर्गको भेदभाव नगरी खुलारूपमा होली खेलिँदा पिचकारीले रंगपानी छेपेर सन्तोष नलिई बाल्टिन तथा गाग्रीले शिरदेखि पाउँसम्म भिज्ने गरी खेल्छन् ।

उनीहरू खुला हृदयले बाह्य स्पर्श, भाषा, लवज, रतिगान तथा सम्मान आदरमा कुनै नियन्त्रण नराखी बिहानदेखि अपरान्हसम्म मस्तसँग खेलेर समय सकिएपछि सफापानीले नुहाइ सफा कपडालाई मनोरञ्जनात्मक क्षणमा स्पर्श गरिएका बोलिएका शब्दको कुनै इर्ष्या नगरी आ-आफ्नो मान्यजनका ढोगभेट र इच्छित खाना, मिष्ठान आदि खाई खुवाई अर्को साल कुनै घरमा पुनः जम्मा हुने बाचा गरी आ-आफ्ना घर फर्कन्छ ।

पुरूष वर्ग चाहिँ आफ्नो क्षेत्रमा खोलिएको मनोरञ्जन सकिएपछि पूर्वनिर्मित साहित्यिक मञ्चमा साहित्यकार हाँस्य व्यङ्ग्य कविता, चुट्किला भजन, गजल ग्रामीण उखान टुक्का सुनाइ साहित्यिक मनोरञ्जनको वातावरण सिर्जना गर्छन् र त्यसै मञ्चबाट नै चर्चित साहित्यकारलाई 'महा मुर्खराज, लण्ठाधिराज, रति सर्वस्व, रति मुख मण्डन, उपाधि दर्जाले सम्मान गर्छन् । इतिहासविद्का अनुसार र मुस्लिम औरङ जेवको आक्रमणबाट उत्पीडित हुँदा लाखापाखा लाग्ने क्रममा महेन्द्रनगर तथा कञ्चनपुर कैलाली आदिमा बस्ती बस्दै आएका राना थारू होलीलाई फगुवा सम्बोधन गर्छन् । उनीहरू खानपिन नाचगानलाई प्राथमिकता दिन्छन् र नाचगानमा लगाउने कपडा घरघरमा तयार गर्छन् । परदेशी पाहुना कसैको अविर रंग दलिदिएमा कुनै मनखत/नरमाइलो मान्दैनन् र फगुवालाई आफ्नो बोली चालीको भाषामा 'हल्की' भन्छन् । शङ्कपुर, श्रीपुर, रामपुर विलासीपुर आदिका बासिन्दाले मनाउने फगुवालाई 'भारी होली' भन्छन् । राना थारूहरूको रहन सहनमा महिलाको विशेष अधिकार हुँदा समाजमा कसैको खराब नियत, चाल चलन छ भने त्यस्तोलाई त्याग्न महिला फगुवा गीतबाट अर्ति उपदेश दिई सतर्कसमेत गराउँछन् ।

होरी, होली, फागु, फगुवा, बसन्त उत्सव आदिले पुकारिने रंगीन पर्व नेपाल र भारतमा मात्र सीमित नभएर अन्य मुलुकमा पनि यस्तै प्रकारको मनोरञ्जनात्मक रंगको पर्व मनाइएको पाइन्छ । रंगको पर्वको रूपमा रुसमा हास्य पर्व मनाइन्छ भने बेल्जियममा हाँसो ठट्टाको रूपमा एक आपसमा उपहार आदान प्रदान गरेर, हंगेरीमा युवकले आफ्ना विशेष प्रेमी युवतीलाई रंगपानी खन्याइ दिएर, इजिप्ट, जापान, सुमात्रा आदि देशमा नाचगान र नयाँ अन्नको स्वागत सत्कार गरेर, युनानमा आगो बालेर र नाचगान गरी मनाएको पाइन्छ । यस्ता जानकारीबाट फागुलाई विशेषतः खुशीयालीले भरिएको विश्वव्यापी रंगीन पर्वको रूपमा पनि बुझिन्छ ।

होली जसरी मनाए पनि 'विजय त्यसको हुन्छ, जो धर्ममा रहन्छ, धर्म त्यो हो जो सत्यमा आश्रित छ' भन्ने फागु पर्वको मुख्य आशय सबैले बुझ्न आवश्यक छ ।

प्रतिदिन
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०


मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान


वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** प्रतिस्पर्धामा विजयी भइनेछ । बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको

**वृष** आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । व्यवसायमा गरिएको लगानीमा मन्दी

**मिथुन** धार्मिक कार्य र सभासमारोहमा सरिक हुने सम्भावना छ । जटिल ठानिएको सम्पादन

**कर्कट** आज कुनै कुराले मनमा शान्ति छाउनेछ ।पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको

**सिंह** सोचेजस्तो लाभ हासिल गर्न केही समय कुर्नुपर्नेछ । घरायसी व्यवहारबाट टाढै बस्नु

**कन्या** रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ । रोकिएका

**तुला** आफन्तसँग मनमुटाव बढ्ला । आफूलाई कमजोर भएको अनुभूति हुनेछ ।

**वृश्चिक** हर्ष र प्रसन्नताका बीचमा समय व्यतीत हुनेछ । सम्पत्ति लाभ गर्न अनुकूल प्रयास

**धनु** आज परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ । चिताएको कामले तीव्रता लिनेछ

**मकर** आज लाभदायी यात्रा गर्ने अवसर प्राप्त हुनेछ । परिवारजनको साथले नयाँ आशा

**कुम्भ** आज दैनिक काम बिचमै रोक्नु पर्दा आर्थिक भार पर्न सक्छ । व्यापार

**मिन** आज शुभकार्यको चर्चा चल्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छन् ।